नेपाली

Vol.36 | 2023.10

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation

## 【"OTA फुरेआइ फेस्ता 2023" को आयोजना गरिंदैछ!】




"OTA फुरेआइ फेस्ता" को आयोजना गरिंदैछ।

**• फुरुसातो-नो-हामाबे एरिया**

यो बहुसांस्कृतिकताको विषयवस्तुमा केन्द्रित स्टेज इभेन्ट र अन्तर्राष्ट्रिय आदानप्रदानको उत्साह गुञ्जिने क्षेत्र हो।

**• सूर्यको क्षेत्र**

यो दमकलको प्रदर्शनी, खेलकुदको अनुभव जस्ता बच्चालाई रमाइलो लाग्ने क्षेत्र हो।

**• हरियाली क्षेत्र**

यहाँ वातावरणीय विषयवस्तुमा केन्द्रित प्रदर्शनी र सडक कलाको प्रदर्शन हुनेछ।



2023 साल नोभेम्बर 4 तारिख (शनिबार) र 5 तारिख (आइतबार)
दुबै दिन 10:00 am~4:00 pm वर्षा भए तापनि आयोजना गरिनेछ।

फुरुसातो-नो-हामाबे एरिया (ओमोरी फुरुसातो-नो-हामाबे पार्क ओता सहर फुरुसातो-नो-हामाबे पार्क 1-1)
सूर्यको क्षेत्र (हेइवाजिमा पार्क ओता सहर हेइवाजिमा 4-2-2)
हरियाली क्षेत्र (हेइवा-नो-मोरी पार्क ओता सहर हेइवा-नो-मोरी पार्क 2-1)

प्रवेश शुल्क: निःशुल्क

संस्कृति प्रवर्द्धन शाखा
☎ 03-5744-1226 FAX 03-5744-1539 E-mail bunka@city.ota.tokyo.jp

···· कहिले ···· रकम ···· कति जना ···· आवेदन दिने तरिका ···· कहाँ ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## [शिशु स्याहार सेवा सल्लाहकारसँग काउन्टर परामर्श (नाम लेखाउनु पर्नेछ) र फोन परामर्श]

- आफ्नो बच्चालाई नर्सरी स्कूलमा भर्ना गर्न चाहने व्यक्तिहरूले आवेदन विधि, घर नजिक कहाँ नर्सरी स्कूल छ र प्रयोगको दायरामा पर्ने उमेर तथा शिशु स्याहार सुविधाहरूबारे परामर्श गर्न सक्छन्।

○ काउन्टर परामर्श...आवेदन दिने ठाउँमा फोन गरी ओता सहर कार्यालयमा आउन चाहने मितिमा नाम लेखाउनुहोस्।

○ फोन परामर्श...शिशु स्याहार सेवा सल्लाहकारलाई फोन गर्नुहोस् (नाम लेखाउनु पर्दैन)

सोमबार~शुक्रबार (सार्वजनिक बिदाको दिन बाहेक)
परामर्श समय 8:30 am~4: 00 pm

निःशुल्क

(काउन्टर परामर्श) आवेदन दिने ठाउँमा फोन गरी मिति र समय तोकेर नाम लेखाउनुहोस्।

शिशु स्याहार सेवा शाखा शिशु स्याहार सेवा प्रयोग सहायक कर्मचारी
शिशु स्याहार सेवा सल्लाहकार
ओता सहर कार्यालय 3F
☎ 03-5744-1617 FAX 03-5744-1715
*फोनमा पनि परामर्श गर्न सकिन्छ।

## [विदेशी बालबालिकाहरूलाई ओता सहरद्वारा सञ्चालित प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा भर्नाको आवेदन]

2024 साल अप्रिलमा ओता सहरद्वारा सञ्चालित प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा भर्ना गर्न चाहने विदेशी बालबालिकाहरूको लागि, विद्यालयमा भर्नाको आवेदन दिनुपर्नेछ। दायरामा पर्ने व्यक्तिहरूलाई अक्टोबरको पहिलो हप्ता तिर विद्यालयमा भर्नाको जानकारी पठाउने योजना रहेको छ।
(दायरामा पर्ने व्यक्तिहरू)
2017 साल अप्रिल 2 तारिख~2018 साल अप्रिल 1 तारिखमा जन्मेका बालबालिकाहरू (प्राथमिक विद्यालयमा भर्ना)
2011 साल अप्रिल 2 तारिख~2012 साल अप्रिल 1 तारिखमा जन्मेर ओता सहरको प्राथमिक विद्यालयबाट स्नातक गर्ने अपेक्षा गरिएका बालबालिकाहरू (निम्न माध्यमिक विद्यालयमा भर्ना)

म्याद 2023 साल अक्टोबर 23 तारिख

अभिभावकले आवेदन दिने ठाउँमा बसोबास कार्ड (रेजिडेन्स कार्ड) अथवा विशेष स्थायी बसोबासी (पिआर) प्रमाणपत्र लिएर गई आवश्यक प्रक्रिया गर्नुहोस्।

शैक्षिक मामिला शाखा, विद्यालय भर्ना तथा मार्गदर्शन कर्मचारी (निस्सेइ आरोमा स्क्वायर 5F)
☎ 03-5744-1429
FAX 03-5744-1536



©Ota City

## [दसौँ इचुचुनोवा फुरेआइ माचुरी]

यो ओमोरी हिगासी क्षेत्रको टोल समिति महासंघद्वारा आयोजित र सञ्चालन गरिने स्थानीय माचुरी हो। बुथहरूमा ससेज, ओसिरुको आदिको बिक्री र बालबालिका कर्नरमा ड्रोन सञ्चालनको अनुभव, मिनी ट्रेन राइड, ट्राम्पोलिन जस्ता गतिविधिहरूको व्यवस्था गर्ने योजना रहेको छ। यसबाहेक ANA, JAL, टोक्यो मोनोरेल जस्ता कम्पनीहरूको बुथहरूका साथै स्वास्थ्य परामर्श कर्नर आदि राखिने योजना रहेको छ। बच्चादेखि वृद्धवृद्धासम्म सबैले मज्जा लिन सक्ने गतिविधिहरू तयार गरिएको छ।

2023 साल अक्टोबर 22 तारिख
(आइतबार) 10:00 am~3:00 pm
(हल्का वर्षा भए तापनि आयोजना गरिनेछ।)

मोरिगासाकी र्‍योकुकाएन सिबाफु पार्क, ओमोरी हिगासी विशेष उपशाखा कार्यालय, मोरिगासाकी कोउचु पार्क, ओमोरी मिनामी 4 कोउज्यो अपार्टमेन्ट (तेकुनो FRONT मोरिगासाकी)

ओमोरी हिगासी विशेष उपशाखा कार्यालय
☎ 03-3741-8801
FAX 03-3741-8552
E-mail omorih@city.ota.tokyo.jp

## [उच्च शिक्षाको लागि विश्वविद्यालय आदिमा भर्ना हुनुहुने व्यक्तिहरूको लागि ऋण ढाँचा तथा अनुदान ढाँचाको छात्रवृत्ति प्रणालीको जानकारी]

ओता सहरमा उच्च शिक्षाको लागि विश्वविद्यालय आदिमा भर्ना हुने योजना गरिरहनुभएका व्यक्तिहरू मध्ये, एक निश्चित स्तरको मापदण्ड पूरा गरेका व्यक्तिहरूको लागि ऋण ढाँचा तथा अनुदान ढाँचाको छात्रवृत्ति प्रणालीको व्यवस्था छ। *सर्त तथा छनौट मापदण्डहरूको लागि सम्पर्क गरी सोधपुछ गर्नुहोस्।

आवश्यक कागजात आवेदन दिने ठाउँमा लिएर जानुहोस् वा हुलाक मार्फत पठाउनुहोस्।

सेप्टेम्बरको सुरु तिरदेखि नोभेम्बरको सुरु तिरसम्म

अनुदान ढाँचा 150,000 येन (उच्च शिक्षाको लागि जानु अघि एकमुष्ट भुक्तानी)
ऋण ढाँचा राष्ट्रिय तथा सार्वजनिक: मासिक 35,000 येनसम्म
निजी: मासिक 44,000 येनसम्म

अनुदान ढाँचा 50 जना
ऋण ढाँचा निर्णय हुने बित्तिकै जानकारी गराउने योजना

〒144-8621 ओता सहर खामाता 5-13-14 ओता सहर कार्यालय, कल्याण विभाग, कल्याण व्यवस्थापन शाखा
☎ 03-5744-1245 FAX 03-5744-1520

## [नोभल कोरोनाको भ्याक्सिन लगाउनेबारे]

ओता सहरमा नोभल कोरोनाको भ्याक्सिन लगाउने कार्य भइरहेको छ। विस्तृत जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

ओता सहर नोभल कोरोनाको भ्याक्सिन कल सेन्टर
☎ 03-6629-6342 FAX 03-5744-1574
(सोमबार~शुक्रबार 8:30 am~5:15 pm)
ओता सहर कोरोना भ्याक्सिन बहुभाषी दोभासे सेवा (नाम लेखाउन मद्दत गरिनेछ।)
☎ 03-6436-4731
(सोमबार~शुक्रबार 8:30 am~5:15 pm *शनिबार, आइतबार र बिदाको दिन बाहेक)

## [निवासी कर भुक्तानीबारे]

चरण 3 को विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को भुक्तानी म्याद अक्टोबर 31 तारिख हो। म्यादसम्ममा भुक्तानी गर्नुहोस्। चरण 4 को भुक्तानी म्याद 2024 साल जनवरी 31 तारिख रहेको छ। कर भुक्तानी सम्बन्धी जानकारीको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

कर भुक्तानी शाखा
ओमोरी .......... ☎ 03-5744-1200
च्योफु ............. ☎ 03-5744-1201
कामाता .......... ☎ 03-5744-1202
ओता सहर बाहिर
...................... ☎ 03-5744-1203
सम्पर्क स्थानको लागि तपाईंले प्राप्त गर्नुभएको सूचना हेर्नुहोस्।
FAX 03-5744-1517

## [टोक्यो मेगा इल्युमिनेसनमा "ओता कुमिन वीक" को आयोजना!]

ओइ रेसकोर्सको इल्युमिनेसन इभेन्ट "टोक्यो मेगा इल्युमिनेसन" मा आयोजना गरिने "ओता कुमिन वीक" को अवधिभर विशेष क्याम्पेनका साथै अन्य विभिन्न इभेन्टहरू गरिनेछ।

2023 साल डिसेम्बर 9 तारिख (शनिबार)~15 तारिख (शुक्रबार)
4:30 pm~9:00 pm *अन्तिम प्रवेश समय 8:00pm

ओइ रेसकोर्स (टोक्यो महानगरपालिका सिनागावा सहर काचुसिमा 2-1-2)

वर्गीकरण: मिति तोकिएको अग्रिम बिक्री टिकट र सोही दिनको टिकट
*प्री-स्कूलका शिशुहरूको लागि निःशुल्क
*सोही दिन काउन्टरमा कल्याण छुट टिकट बिक्री गरिनेछ।

अग्रिम बिक्री टिकट टिकट साइट अथवा कम्बिनीमा खरिद गर्न सकिन्छ र सोही दिनको टिकट सोही दिन कार्यक्रम स्थलमा खरिद गर्न सकिन्छ।

टोक्यो मेगा इल्युमिनेसन सञ्चालन कार्यालय ☎ 03-3762-5230

---

···· कहिले ···· रकम ···· कति जना ···· आवेदन दिने तरिका ···· कहाँ ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

# [ओता बालबालिका जापानी भाषा क्लास]

यो विदेशी नागरिक आदि भएको कारण विद्यालयमा भर्ना नभएका बालबालिकाहरूको लागि सञ्चालन गरिने जापानी भाषाको क्लास हो।

दायरामा पर्ने व्यक्तिहरू

① ~ ③ सबैमा पर्ने बालबालिकाहरू

① ओता सहरमा बसोबास गर्ने बालबालिकाहरू

② विद्यालयमा भर्ना हुनु अघिका विद्यालयमा जाने उमेर (6 वर्ष~15 वर्षसम्म) का बालबालिकाहरू

③ जापानी भाषाको ज्ञान नभई सहरद्वारा सञ्चालित विद्यालयमा भर्ना नभएका बालबालिकाहरू



©Ota City

### ● खामाता क्लास

सोमबार, मंगलबार र बिहीबार　9:00 am~12:00 pm

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
ठेगाना: ओता सहर खामाता 4-16-8 2F

नि:शुल्क　20 जना

सीधैँ काउन्टरमा अथवा फोनद्वारा

सामान्य सम्मिलित फाउन्डेशन लेगातो ओता
☎ 03-3731-3831　FAX 03-5710-6330

### ● ओमोरी क्लास

सोमबार, बुधबार र शुक्रबार　9:00 am~12:00 pm

ओता सहरद्वारा सञ्चालित सान्नो भवन　अन्तर्राष्ट्रिय आदानप्रदान सुविधा
ठेगाना: ओता सहर, सान्नो 3-37-11　अन्तर्राष्ट्रिय आदानप्रदान सुविधा भित्र

नि:शुल्क　10 जना

सीधैँ काउन्टरमा अथवा फोनद्वारा

निर्दिष्ट गैर नाफामूलक संस्था जापानी भाषा गुरुरित्तो
☎ 070-1404-8738　FAX 03-5709-1347

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981　FAX 03-6410-7982　E-mail mail@ota-goca.or.jp

# ["Ota स्पोर्ट्समा अन्तर्राष्ट्रिय आदानप्रदान" <फुटसल⚽>]

के तपाईं खेलकुदद्वारा अन्तर्राष्ट्रिय आदानप्रदान गर्न चाहनुहुन्छ? ओता सहरमा बसोबास गर्ने, काम गर्ने र अध्ययन गर्ने जापानी र विदेशी युवाहरूको आदानप्रदानको लागि, "Ota स्पोर्ट्स मार्फत अन्तर्राष्ट्रिय आदानप्रदान" <फुटसल⚽> को आयोजना गरिंदैछ। राष्ट्रियता र भाषाको सीमालाई नाघेर खेलकुदद्वारा आदानप्रदान गरौं♪ फुटसल मन पर्ने व्यक्ति, पहिलो पटक खेल्ने व्यक्ति अनि राम्रोसँग खेल्न नआउने व्यक्ति, जसले पनि भाग लिन सक्नेछन्!



2023 साल डिसेम्बर 10 तारिख (आइतबार) 1:00 pm~4:00 pm

स्योवाजिमा निच्योमे पार्क फुटसल ग्राउन्ड, युवा फुटबल मैदान

नि:शुल्क

15 जना जति

अन्तर्राष्ट्रिय सहर ओता संघ (GOCA) को होमपेज

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981
FAX 03-6410-7982
E-mail mail@ota-goca.or.jp


हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

▼ विदेशी नागरिकहरूको लागि जानकारी

▼ बहुभाषी परामर्श काउन्टर

प्रकाशन　ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा

ठेगाना　〒144-0052 ओता सहर कामाता 4-16-8 2F　ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र

☎ 03-5744-1227　FAX 03-5744-1323